# अर्थ बुलेटिन

वर्ष १ अंक ५ मंसिर, २०७६

नेपाल सरकार
अर्थ मन्त्रालय



## सम्पादकीय

आर्थिक वर्ष २०७६/७७ को मंसिर महिनासम्ममा समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्। निकासीमा भएको वृद्धि र पैठारीमा आएको कमीसँगै वाह्य क्षेत्रको असन्तुलनमा सुधार भएको छ। संघीय सरकारको खर्च र राजस्वमा सामान्य वृद्धि भएको छ। आयात घटेका कारण भन्सार राजस्व घटे पनि आन्तरिक राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा उत्साहजनक वृद्धि भएको छ। वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कामदारको संख्या चालु आर्थिक वर्षको पछिल्ला महिनाहरुमा निरन्तर घटेकोमा मंसिर महिनामा भने यस्तो संख्या तुलनात्मक रुपमा बढेको छ। विदेशी लगानी उल्लेख्य रुपमा बढेको छ। पर्यटक आगमनमा निरन्तर वृद्धि भईरहेको छ। विद्युत उत्पादन, आपूर्ति र उपभोग बढेको छ। बैकिङ्ग सेवाको पहुँच द्रुत गतिले बढ्दैछ भने वीमा प्रिमियम संकलनमा वृद्धि हुनुको साथै वीमामा जनसंख्याको पँहुच पनि बढेको छ। प्रमुख आर्थिक परिसूचकहरुको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक क्रियाकलापहरु विस्तार र परिसूचकहरु स्थायित्वतर्फ उन्मुख देखिन्छन्।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७६/७७ को मंसिर महिनासम्म संघीय सरकारको कुल खर्च रू. २ खर्ब ९८ अर्ब ९८ करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रू. २ खर्ब ४६ अर्ब ९२ करोड, पूँजीगत खर्च रू. ३७ अर्ब ४८ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रू. १४ अर्ब १६ करोड रहेको छ। यस अवधिमा रू.४० करोड ९८ लाख बराबरको खर्च सोझै भुक्तानीमार्फत भएको छ।


### राजस्व परिचालन

आर्थिक वर्ष २०७६/७७ को मंसिर महिनासम्ममा कुल राजस्व परिचालन रू. ३ खर्ब १८ अर्ब ६२ करोड पुगेको छ। कुल राजस्व परिचालन मध्ये कर राजस्व रू. २ खर्ब ८८ अर्ब ६७ करोड र गैरकर राजस्व रू. २९ अर्ब ९४ करोड रहेको छ।




स्रोतः अर्थ मन्त्रालय, मंसिर २०७६।

डिजेल, सिमेन्ट क्लिङ्कर लगायतका वस्तुको पैठारीमा आएको कमीको प्रभाव भन्सार विन्दुमा संकलन हुने राजस्वमा परेको छ। यसकारण उक्त शीर्षकमा संकलन भएको राजस्व गत वर्षको तुलनामा घटेको छ भने आन्तरिक राजस्वको संकलन उत्साहप्रद छ। यस अवधिमा आयकर तथा आन्तरिक मूल्य अभिवृद्धि करको संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा क्रमश: ३१.३१ प्रतिशत र २९.४ प्रतिशतले वृद्धि भएको छ भने आन्तरिक अन्तशुल्कको वृद्धि सामान्य रहेको छ।




स्रोतः अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा, मंसिर, २०७६।
#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्यकर समावेश गरिएको छ।

| तालिका (क): राजस्व लक्ष्य र असुली (रू. अर्बमा) | | | | |
|---|---|---|---|---|
| राजस्व शिर्षक | आ.ब. २०७६/७७ को वार्षिक लक्ष्य | राजस्व असुली | | |
| | | २०७५ मंसिरसम्म | २०७६ मंसिरसम्म | बृद्धि |
| भन्सार महशुल | २१३.२० | ६६.८५ | ६५.५७ | -१.९१ |
| मूल्य अभिवृद्धि कर | ३१५.०१ | ९८.२४ | १०५.७७ | ७.६६ |
| आन्तरिक | ११८.३८ | ३३.७३ | ४३.६५ | २९.४१ |
| पैठारी | १९६.६३ | ६४.५० | ६२.१२ | -३.६९ |
| अन्तशुल्क | १६९.९८ | ५२.८३ | ५३.११ | ०.५३ |
| आयकर | २८०.३५ | ४१.७० | ५४.७६ | ३१.३२ |
| अन्य # | ३०.६२ | १९.६५ | ९.४३ | -५२.०१ |
| **जम्मा कर राजस्व** | **१००९.१६** | **२७९.३०** | **२८८.६७** | **३.३५** |
| **गैरकर राजस्व** | **१०२.८७** | **२७.९२** | **२९.९४** | **७.२३** |
| **कुल राजस्व** | **१११२.०३** | **३०७.२३** | **३१८.६२** | **३.७१** |

स्रोतः अर्थ मन्त्रालय, मंसिर २०७६।

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्। बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।

## करको दायरा विस्तार

२०७६ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २१ लाख ७२ हजार २ सय रहेकोमा २०७६ मंसिर महिनासम्म यस्तो संख्या ४०.९ प्रतिशतले बढेर ३० लाख ६१ हजार ७ पुगेको छ। २०७६ मंसिरसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १३ लाख १२ हजार ६ सय ८५ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता १७ लाख ४५ हजार ४ सय ४४ पुगेका छन्। चालु आर्थिक वर्षको पहिलो ५ महिनामा मात्र व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ७ लाख ५२ हजार ३ सय ६४ थप भएका छन्। २०७६ मंसिरसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ४४ हजार ६४ पुगेका छन्। चालु आर्थिक वर्षको पहिलो ५ महिनामा मात्र ३० हजार २ सय ९४ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ मंसिरसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या ९४ हजार १ सय ९९ पुगेको छ।

| तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण | | | | |
|---|---|---|---|---|
| दर्ताको प्रकार | २०७६ असारसम्म स्थायी लेखा नम्बर लिएका करदाताको संख्या | २०७६/७७ को मंसिर महिनासम्ममा थप भएका स्थायी लेखा नम्बर लिने करदाताको संख्या | २०७६ मंसिरसम्ममा स्थायी लेखा नम्बर लिने जम्मा करदाताको संख्या | प्रतिशत परिवर्तन |
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७८३८३ | १३४३०२ | १३१२६८५ | ११.४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९३०८० | ७५२३६४ | १७४५४४४ | ७५.८ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | २१४१ | २८७८ | २९०.५ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७२२००** | **८८८८०७** | **३०६१००७** | **४०.९** |
| मूल्य अभिवृद्धि कर | २१३७७० | ३०२९४ | २४४०६४ | १४.२ |
| अन्तःशुल्क | ७७४१४ | १६७८५ | ९४१९९ | २१.७ |

स्रोतः आन्तरिक राजस्व विभाग, मंसिर २०७६।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ मंसिर महिनासम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू. १० खर्ब ९८ अर्ब पुगेको छ। यस मध्ये आन्तरिक ऋण रू. ४ खर्ब ५१ अर्ब ५५ करोड र वैदेशिक ऋण रू. ६ खर्ब ४६ अर्ब ९५ करोड रहेको छ। यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. १ अर्ब ९४ करोड वरावरको साँवा भुक्तानी र रू. ८ अर्ब ८९ करोड ५४ लाख वरावरको व्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. ७ अर्ब ३० करोड र व्याज रू. १ अर्ब ५० करोड ६१ लाख भुक्तानी गरेको छ।

चालु आर्थिक वर्षको पहिलो ५ महिनामा संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिको रू. ४ अर्ब ४२ करोडको तुलनामा १७८.९ प्रतिशतले बढेर रू. १२ अर्ब ३३ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्राप्त गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिको रू. १३ अर्ब ६५ करोडको तुलनामा १०४.५ प्रतिशतले बृद्धि भई रू. २७ अर्ब ९० करोड पुगेको छ।

## वैदेशिक सहायता प्रतिबद्धता

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा वैदेशिक सहायता प्रतिबद्धता रू. ७२ अर्ब २९ करोड रहेको छ। यस मध्ये अनुदान र ऋणको हिस्सा क्रमशः २०.८१ प्रतिशत र ७९.१९ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्र

२०७५ मंसिर मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ६८८ रहेकोमा २०७६ मंसिरसम्म यस्तो सख्या ७४३ पुगेको छ। शाखा सञ्जाल संख्या ९ हजार २ सय २३ पुगेको छ। कर्जा विस्तार र निक्षेप संकलनमा सकारात्मकता देखिएको छ ।

चालु आर्थिक वर्षको पहिलो ५ महिनामा बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको रु. ३४ अर्ब ३१ करोड ५१ लाखको तुलनामा ४०.५२ प्रतिशतले बढेर रू. ४८ अर्ब २२ करोड पुगेको छ। चालु आर्थिक वर्षको पहिलो ५ महिनामा बीमा क्षेत्रको एकिकृत पूँजी कोष गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.८० प्रतिशतले बढेर रू. ४७ अर्ब ८३ करोड पुगेको छ। २०७६ मंसिरसम्म बीमा सेवा पुगेको जनसंख्या ८५ लाख १२ हजार ७ सय ७४ रहेको छ। यो संख्या कुल जनसंख्या (केन्द्रीय तथ्याङ्क विभागको प्रक्षेपित जनसंख्या) को २८.८६ प्रतिशत हो। २०७५ मंसिरसम्म यस्तो जनसंख्या १८.७८ प्रतिशत रहेको थियो।

| तालिका (ग): वित्तीय पहूँचका सूचकहरु | | | |
|---|---|---|---|
| सूचकहरु | २०७६ असारसम्म | २०७६ कार्तिकसम्म | प्रतिशत परिवर्तन |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्जाल संख्या | ८६८६ | ९२२३ | ६.२ |
| निक्षेप खाता संख्या# | २७८६६५०५ | २९९२९८०२ | ७.४ |
| ATM को संख्या# | ३३१६ | ३५२० | ६.२ |
| Debit Card संख्या# | ६७०८५२१ | ७००८३६४ | ४.५ |
| क्रेडिट कार्ड संख्या# | १२३१४६ | १४१२८९ | १४.७ |
| वाणिज्य बैंक पुगेको स्थानीय तहको संख्या | ७३५ | ७४३ | ०.८ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, मंसिर २०७६।

#क+ख+ग वर्गका बैङ्क तथा वित्तीय संस्थाहरुको मात्र।

## पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७५ मंसिर मसान्तमा नेप्से सूचकाङ्क ११४८.७८ विन्दुमा रहेकोमा २०७६ मंसिर मसान्तमा यस्तो सूचकाङ्क ११५४.१२ मा कायम भएको छ।

## समग्र मूल्य स्थिति

२०७६ कार्तिक महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.७६ प्रतिशत रहेको छ। यस अवधिमा तरकारी, फलफुल, मसला, मासु र माछा, मसला, घरायसी उपयोगिताका वस्तु तथा सेवा, लुगा तथा जुत्ता र शिक्षा उपसमूहको मूल्य वृद्धि तुलनात्मक रुपमा बढी रहेको छ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा कुल वस्तु निकासी अघिल्लो वर्षको सोही अवधिको तुलनामा२६.९७ प्रतिशतले वृद्धि भई रू. ४७ अर्ब ६१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी ११.२ प्रतिशतले बढेर ३७ अर्ब ५० करोड रहेको थियो। यस अवधिको कुल निकासीमध्ये भारत, चीन र अन्य देशहरुतर्फ भएको निकासीको अंश क्रमशः ६८.३९ प्रतिशत, १.८१ प्रतिशत र २९.८० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ५८.४४ प्रतिशत, २.४५ प्रतिशत र ३९.१० प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको मंसिर महिनासम्ममा भारततर्फको निकासी क्रमशः ४८.५८ प्रतिशतले बढेको छ भने चीन र अन्य देशहरुतर्फको निकासी क्रमशः ६.२४ प्रतिशत र ३.२५ प्रतिशतले घटेको छ। यस अवधिमा पाम आयल, भटमासको तेल (प्रशोधित), अलैची, सल, दोसल्ला, पछ्यौरा लगायतका वस्तुको निकासी बढेको छ।

| तालिका (घ) : २०७६ मंसिर महिनासम्ममा निकासी भएका प्रमुख ५ वस्तुहरु (रु. अर्बमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वस्तुको नाम | २०७५ मंसिर | २०७६ मंसिर | बृद्धि प्रतिशत |
| १ | प्रशोधित पाम आयल | १.३४ | ११.५२ | ७५६.०६ |
| २ | सेन्थेटिक यार्न | ३.८१ | ३.६१ | -५.५४ |
| ३ | उनी गलैंचा कार्पेट | ३.४० | ३.३३ | -२.२२ |
| ४ | तयारी कपडा | २.८८ | २.६४ | -८.३७ |
| ५ | भटमासको तेल (प्रशोधित) | ०.१० | ३.०८ | २७७३.३८ |
| ६ | अन्य | २५.९४ | २३.४२ | -९.६८ |

स्रोतः भन्सार विभाग, मंसिर २०७६।

चालु आर्थिक वर्षको पहिलो ५ महिनासम्मको कुल निकासीमा प्रमुख ५ वस्तुको अंश ५०.७९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात ३०.८३ प्रतिशत रहेको थियो ।

### वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा कुल वस्तु पैठारी रू. ५ खर्ब ८१ अर्ब २५ करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.२४ प्रतिशतले न्यून हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी ३४.२ प्रतिशतले बढेर ६ खर्ब ६९ अर्ब ९७ करोड रहेको थियो। चालु आर्थिक वर्षको पहिलो ५ महिनाको कुल पैठारी मध्ये भारत, चीन र अन्य देशहरुबाट भएको पैठारीको अंश क्रमशः ६०.१५ प्रतिशत, १७.६३ प्रतिशत र २२.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.६८ प्रतिशत, १४.६० प्रतिशत र २१.७२ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको मंसिरसम्म भारत र अन्य देशबाट भएको पैठारी क्रमशः ९.५५ प्रतिशत र ८.७३ प्रतिशतले घटेको छ भने चीनबाट भएको पैठारी १५.६२ प्रतिशतले बढेको छ। मुख्य दश वस्तुको पैठारी मूल्यको आधारमा हेर्दा यस अवधिमा तयारी कपडाको पैठारी बढेको छ भने डिजेल, एम.एस. विलेट, पेट्रोल, एच.आर.सीट लगायतका वस्तुको पैठारी घटेको छ।

| तालिका (ङ) : २०७६ मंसिर महिनासम्ममा पैठारी भएका प्रमुख ५ वस्तुहरु (रु. अर्बमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वस्तुको नाम | २०७५ मंसिर | २०७६ मंसिर | वृद्धि प्रतिशत |
| १ | डिजेल | ४५.९४ | ३८.५० | -१६.१९ |
| २ | तयारी कपडा | १६.१० | १६.७९ | ४.२८ |
| ३ | एम. एस. बिलेट | ३०.०७ | १७.०० | -४६.९७ |
| ४ | पेट्रोल | १५.८५ | १५.५७ | -१.७३ |
| ५ | एच.आर. सीट | १२.२४ | १२.१२ | -०.९६ |
| ६ | अन्य | ४८४.७८ | ४८१.२५ | -०.७३ |

स्रोतः भन्सार विभाग, मंसिर २०७६।

चालु आर्थिक वर्षको पहिलो ५ महिनामा डिजेलको पैठारी (परिमाणमा) १.४१ प्रतिशतले घटेर ५ लाख ९३ हजार ४३ किलोलिटर रहेको छ। त्यसैगरी यस अवधिमा बस, मिनिबस, जीप, कार, भ्यान लगायतका सवारीसाधन (मोटरसाईकल तथा ठूला सवारीसाधन बाहेक) को पैठारी (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.८३ प्रतिशतले घटेर ३५ हजार २ सय ५६ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ३७ हजार ४७ रहेको थियो। चालु आर्थिक वर्षको पहिलो ५ महिनामा मोटरसाईकलको पैठारी (संख्यामा) गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.१३ प्रतिशतले बढेर १ लाख ४३ हजार ३ सय १९ रहेको छ।

## व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.२९ प्रतिशतले घटेर रू. ५ खर्ब ३३ अर्ब ६४ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ३६.१ प्रतिशतले बढेको थियो।

आन्तरिक उत्पादनलाई प्रबर्द्धन गर्ने, स्वदेशमा नै औद्योगिक कच्चा पदार्थको उत्पादन बढाउन एवं विलाशीजन्य वस्तुको आयात निरुत्साहन गर्ने सरकारी नीति, जलविद्युत उत्पादनको वृद्धिसँगै विद्युतको आन्तरिक उपभोगमा आएको वृद्धिको कारण डिजेलको पैठारीमा आएको कमी, सिमेन्ट, क्लिङ्करको आन्तरिक उत्पादनमा भएको वृद्धि तथा सवारी साधनको पैठारीलाई व्यवस्थित गर्न गरिएको नीतिगत व्यवस्था लगायतका कारण पैठारी घटेको तर निकासीमा वृद्धि हुँदै गएकोले वस्तु व्यापार घाटा तुलनात्मक रुपमा घट्दै गएको छ।

## सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा सेवा आय रू. ५९ अर्ब ९७ करोड र सेवा खर्च रू. ६२ अर्ब ६८ करोड भई खुद सेवा आय रू. २ अर्ब ७१ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. १३ अर्ब १९ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा विप्रेषण आय रू. ३ खर्ब ४ अर्ब ९७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. ३ खर्ब १२ अर्ब २६ करोड रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ को पहिलो पाँच महिनामा वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैद्यानिकीकरण) लिने नेपाली कामदारको संख्या १४.५७ प्रतिशतले बढेर १ लाख ६ हजार ४ सय ७५ पुगेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा यस्तो संख्या ४०.२ प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको मंसिरसम्म वैदेशिक रोजगारीमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको संख्या ७.५९ प्रतिशतले बढेर १ लाख १० हजार ९ सय ६ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १.४ प्रतिशतले घटेको थियो।

चालु आर्थिक वर्षको मंसिर महिनासम्मको तथ्याङ्कलाई हेर्दा वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या बढेको छ।

## चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को पहिलो ४ महिनामा शोधानान्तर स्थिति रू. २७ अर्ब २९ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रू. ५७ अर्ब ३३ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. ३७ अर्ब ३० करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. ८८ अर्ब ४३ करोड रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ कार्तिक मसान्तमा यस्तो सञ्चिति ६.२ प्रतिशतले बढेर रु.११ खर्ब ३ अर्ब १२ करोड पुगेको छ। २०७५ कार्तिक मसान्तमा यस्तो सञ्चिति रू.१० खर्ब ८२ अर्ब ९१ करोड रहेको थियो। आर्थिक वर्ष २०७६/७७ को पहिलो ४ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## विदेशी लगानी

आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा खुद प्रत्यक्ष विदेशी लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.१ प्रतिशतले बढेर रु. ४ अर्ब ९२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी ५८.३ प्रतिशतले घटेको थियो।

## विनिमय दर

२०७६ असार मसान्तमा नेपाली रुपैंयाको अमेरिकी डलर १ को खरिद विनिमयदर रू. १०९.३६ रहेकोमा २०७६ कार्तिक मसान्तमा नेपाली रुपैंया अमेरिकी डलरसँग ४.५ प्रतिशतले अवमूल्यन भई रु.११४.५६ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पनि नेपाली रुपैंया ४.८ प्रतिशतले अवमूल्यन भएको थियो।

## अन्य आर्थिक गतिविधी

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को पहिलो ५ महिनामा थप कम्पनी दर्ताको संख्या ११ हजार २६ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ११ हजार ३ सय २० रहेको थियो।

### पर्यटक आगमन

सन् २०१९ को अक्टोवरसम्म १० महिनाको अवधिमा नेपाल आउने पर्यटकको संख्या (भारत बाहेक) ८.० प्रतिशतले बढेर ९ लाख ७५ हजार ५ सय ५७ पुगेको छ। सन् २०१८ को सोही अवधिमा यस्तो संख्या ९ लाख ३ हजार ५ सय ९३ रहेको थियो।

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिना (जुलाई देखि अक्टोवर) मा नेपाल आउने पर्यटकको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.२ प्रतिशतले बढेर ३ लाख ८८ हजार ८८ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ३ लाख ८३ हजार ५ सय ७९ रहेको थियो।

### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.६ प्रतिशतले बढेर २५२९.८ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग २१३३.९ गिगावाट घण्टा रहेको थियो।

## नीतिगत तथा कानूनी राय परामर्श

- राजस्व बोर्ड गठन आदेश सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश भएको।
- नेपालको संविधानको धारा २४१ को उपधारा ४ बमोजिम महालेखा परीक्षकबाट २०७६ साउन १ गतेदेखि सङ्घ, प्रदेश तथा स्थानीय तहमा लागू हुने गरी स्वीकृत भएका १४२ म.ले.प. फारामहरू सूचना प्रकाशन गर्न मुद्रण विभाग पठाइएको।
- विभिन्न राजस्व छुटका सूचनाहरु सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको र उक्त मन्त्रालयबाट सम्पादन भई आएका सूचनाहरु प्रकाशन गर्न मुद्रण विभाग पठाइएको।
- रिट नं. ०७०-WO-०६८९ मुद्दाको लगत कट्टाको लागि सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयमा कार्यान्वियनमा पठाइएको।
- रिट नं. ०६७-WO-००७४, ०६२-WO-२६७७ र ०६३-WO-००२८ मुद्दाको लगत कट्टाका लागि सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयमा कार्यान्वयनका लागि पठाईएको।
- नेपाल रेल्वे कम्पनी लिमिटेडको कर्मचारी प्रशासन (सेवा, शर्त, सुविधा) विनियमावली, २०७६ को मस्यौदामा सहमति उपलब्ध गराइएको।

## मन्त्रालयका गतिविधीहरु

- मिति २०७६/०८/२६ गतेको माननीय अर्थमन्त्री स्तरको निर्णयबाट आर्थिक वर्ष २०७६/७७ का लागि नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्ने समपुरक रकम रु ९ अर्ब ६३ करोड २४ लाख र विशेष अनुदान रु ९ अर्ब ४२ करोड ८६ लाख ९ हजार गरी कुल रु १९ अर्ब ६ करोड १० लाख ९ हजार रकम हस्तान्तरण गरिएको।
- "स्वच्छ कर प्रशासनः सुशासन र विकास" भन्ने मूल नाराका साथ मंसिर १ देखि ७ गतेसम्म सप्ताहव्यापी कार्यक्रमहरु आयोजना गरी ८ औं राष्ट्रिय कर दिवस सम्पन्न भएको।
- माननीय अर्थमन्त्रीज्युबाट २०७६ मंसीर २१ गते तातोपानी भन्सार कार्यालय र प्रस्तावित लार्चा सुख्खा बन्दरगाहको निरीक्षण गर्नु भएको। २०७६ मंसीर २७ गते आन्तरिक राजस्व कार्यालय भद्रपुर र मंसीर २८ गते मेची भन्सार कार्यालयको निरीक्षण गर्नु भएको।
- मन्त्रालयस्तरिय विकास समस्या समाधान समिति (MDAC) को प्रथम चौमासिक बैठक मिति २०७६ मंसीर १२ गते सम्पन्न भएको।
- नेपालको पूँजी बजार र मुद्रा बजार व्यवस्थापनको लागि भएका नीतिगत र कानूनी व्यवस्था एवं पूँजी बजारको प्रवर्द्धन, नियमन र सञ्चालनका लागि भएका निर्णय र कामकारबाही सम्बन्धी विवरण प्रतिनिधि सभा अर्थ समितिमा पठाइएको।
- नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट मिति २०७६/०८/०८ मा साना किसान विकास लघुवित्त वित्तीय संस्थाका विभिन्न कार्यक्रमहरुमा संलग्न कृषि प्रशिक्षार्थीहरु ६ सय जनालाई Learn and Earn कार्यक्रममा इजरायल पठाउन परराष्ट्र मन्त्रालय मार्फत इजरायल सरकारलाई अनुरोध गर्ने भनी निर्णय भएको।
- चालू आर्थिक वर्षको प्रारम्भमा यस मन्त्रालयको बेरुजू रकम रू.५२ अर्ब ६६ करोड ३३ लाख ३० हजार रहेको र उक्त बेरुजू रकममध्ये २०७६ मंसिर मसान्तसम्म रू.६५ करोड ५२ लाख ९९ हजार फछ्र्यौट भई १.२४ प्रतिशत प्रगति हासिल गरिएको।
- यस मन्त्रालयमा रहेको Data Center को Operational कार्यको क्षमता अभिवृद्धिका लागि दुई जना कम्प्युटर इन्जिनियरलाई Certified Data Center Professional (CDCP) तालिममा सहभागी गराइएको।
- AML/CFL सम्बन्धी राष्ट्रिय जोखिम मूल्याङ्कन सम्बन्धमा World Bank को प्राविधिक सहयोगमा सम्बद्ध निकायहरुको सहभागितामा मंसिर २३ देखि २५ गतेसम्म कार्यशाला गोष्ठी सम्पन्न भएको।
- AML/CFL सम्बन्धी क्षेत्रगत जोखिम मूल्याङ्कन उपसमितिहरुबीच राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन लेखन सम्बन्धमा मंसिर १६ गते छलफल तथा अन्तर्कृया कार्यक्रम सम्पन्न गरिएको।
- घरजग्गा कारोबार, बहुमूल्य धातु र गैरनाफामूलक क्षेत्रको लागि Supervisory Manual का सम्बन्धमा एशियाली विकास बैंकका विज्ञहरु र उक्त क्षेत्रसँग सम्बन्धित निकायका पदाधिकारीबीच मंसिर १८ देखि १९ गते सम्म छलफल/अन्तरक्रिया गरिएको।
- राजस्व लक्ष्य अनुसार राजस्व संकलन गर्न राजस्व संकलनको वैकल्पिक कार्ययोजना तयार गरी आनतरिक राजस्व विभाग र भन्सार विभागबाट सबै भन्सार कार्यालयहरुलाई पठाइएको। वैकल्पिक कार्ययोजना अनुरुप कार्यान्वयन भए/नभएको सम्बन्धमा अर्थ मन्त्रालयबाट सुक्ष्म अनुगमन गर्ने व्यवस्था मिलाइएको।
- आर्थिक ऐन २०७६ ले गरेका संसोधनहरुलाई समावेश गरी एकीकृत भन्सार महसुल दरबन्दी प्रकाशन गरी सबै भन्सार कार्यालयहरु एवं सरोकारवालाहरुलाई उपलब्ध गराइएको।

### अन्य गतिविधिहरु

- राजस्व चुहावट नियन्त्रण उच्च स्तरीय अनुगमन समितिको बैठक समितिका संयोजक तथा मा. अर्थमन्त्री युवराज खतिवडाको अध्यक्षतामा मिति २०७६ मंसिर १८ मा सम्पन्न भएको। उक्त बैठकबाट राजस्व चुहावट नियन्त्रणका लागि भन्सार विभाग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग र सुरक्षा निकाय लगायत राजस्व चुहावट नियन्त्रणमा संलग्न केन्द्रीय स्तरका निकायहरुबाट संवेदनशील भन्सार नाकाहरुमा संयुक्त रुपमा अनुगमन गर्ने, भन्सार नाकाबाट अस्थायी रुपले प्रवेश गर्ने

यात्रुवाहक सवारी साधन र अन्य सवारी साधनको भन्सार विभागले कडाइका साथ चेकजाँच गर्ने व्यवस्था मिलाउने, संवेदनशील नाकाहरुमा यथाशीघ्र भन्सार र राजस्व प्रहरीबीच समन्वय गरी गस्ती परिचालन गर्ने, सुरक्षा निकाय र राजस्व प्रशासनबीच सूचनाको आदान प्रदान गरी राजस्व चुहावट नियन्त्रणमा थप समन्वयात्मक ढङ्गले काम गर्ने विषयमा निर्णय भई कार्यान्वयनका लागि सम्बन्धित विभागमा पठाईएको।

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग अन्तर्राष्ट्रिय वित्त निगम (IFC) का एशिया प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्ष श्री नेना स्टोलिकोभिकले मिति २०७६ मंसिर १७ मा शिष्टाचार भेट गर्नु भएको। सो अवसरमा माननीय अर्थ मन्त्रीज्यूले नेपालको निजी क्षेत्रको विकास र विस्तार प्रयासमा विश्व बैंक समूहको अन्तर्राष्ट्रिय वित्त निगमको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभएको।
- भेटका क्रममा एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्षले नेपाल अन्तर्राष्ट्रिय वित्त निगमका लागि सन् २००८ देखि प्राथमिकता प्राप्त मुलुकको रुपमा स्थापित रहेको र नेपालको जलविद्युत, पूर्वाधार क्षेत्र, पर्यटन र वित्तीय बजारको लगानी प्रबर्द्धनमा नेपालको निजी क्षेत्रसँग नजिकबाट सहकार्य गरिरहेको जानकारी गराउनु भएको। सोको अतिरिक्त नेपालको विकासमा महत्वपूर्ण योगदान गर्ने कृषि व्यवसाय, यातायात, वित्त व्यापार, साना व्यवसाय तथा निजी इक्विटी र भेन्चर फण्ड जस्ता अन्य विविध क्षेत्र लगायत नेपालमा व्यसाय संचालन गर्न अनकुल वातावरण सृजना गर्नमा अन्तर्राष्ट्रिय वित्त निगमले सक्रिय योगदान गरिरहेको बताउनु भएको। माननीय अर्थमन्त्रीले निजी क्षेत्रबाट हुनसक्ने लगानीका विभिन्न अवसरहरुबारे चर्चा गर्दै परिवर्तित सन्दर्भमा जलविद्युत विकासमा प्रतिस्पर्धात्मक क्षमता बढाउने, गुणस्तर कायम गर्ने र लगानीकर्ता, व्यवसायी, उपभोक्ता र नेपाल सरकार समेतलाई फाइदा पुग्ने गरी आयोजना विकास गर्नुपर्ने आवश्यकता प्रति जोड दिनु भएको ।सो भेटमा अन्तर्राष्ट्रिय वित्त निगमका नेपाल समेत हेर्ने क्षेत्रीय निर्देशक, नेपालका निमित्त कन्ट्रि म्यानेजर लगायत अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो।



माननीय अर्थमन्त्री र अन्तर्राष्ट्रिय वित्त निगम (IFC) का एशिया तथा प्रशान्त क्षेत्रका क्षेत्रीय उपाध्यक्षबीच शिष्टाचार भेट

- माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग इजरायली अन्तर्राष्ट्रिय विकास निगमका प्रमुख गिल हासकेलले मिति २०७६ मंसिर २४ मा भेटवार्ता गर्नुभयो। माननीय अर्थमन्त्रीले इजरायलले नेपाललाई लामो समयदेखि गरिरहेको सहयोगका साथै पछिल्ला वर्षहरुमा नेपालीहरुलाई प्रदान गरेको रोजगारीको अवसर र कृषि क्षेत्रको सिकाइ लगायत अन्य सहयोगको लागि धन्यवाद दिनुभएको। इजरायली अन्तर्राष्ट्रिय विकास निगमका प्रमुख गिल हासकेलले सिक र कमाऊ (Learn and Earn) कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष ५०० जना नेपाली युवाहरु इजरायल जाने र उनीहरुले त्यहाँ निकै राम्रो कार्य सम्पादन गरिरहेका बताउँदै उहाँले इजरायली लगानी कर्ताहरु नेपालको कृषि क्षेत्रमा लगानी गर्न इच्छुक रहेको जानकारी दिनुभएको थियो। सो भेटमा नेपालका लागि इजरायली राजदूत बेनी ओमर, इजरायलका लागि नेपाली राजदूत डा. अन्जान शाक्य लगायत अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग इजरायली अन्तर्राष्ट्रिय विकास निगमका प्रमुखको भेटवार्ता

- नेपाल-चीन लगानी सहयोग कार्य समूह (Investment cooperation Working Group) को प्रथम बैठक मिति २०७६ मंसिर १३ मा काठमाण्डौंमा सम्पन्न भएको। उक्त बैठकमा नेपालको तर्फबाट Investment related policies of Nepal, Key areas of investment co-operation, Economic Co-operation, Visit Nepal २०२० र Opening of Chinese Bank Branch in Nepal एजेण्डा प्रस्तुत गरिएको। चीन सरकारको तर्फबाट Investment facilitation, Incentives to the investors, Issues related to foreign employees, Nepal-China Friendship Industrial Park र Preferential Buyers' Credit एजेण्डा प्रस्तुत गरिएको। जलविद्युत, पूर्वाधार, कृषि, पर्यटन लगायतका महत्वपूर्ण क्षेत्रहरुमा चिनिया लगानी भित्र्याउने सम्बन्धमा लगानीको वातावरण बनाउने, नेपाल भ्रमण वर्ष २०२० मा चिनियाँ पर्यटक नेपाल भित्र्याउन आवश्यक पहल गर्ने, नेपालमा चिनिया बैंकको शाखा खोल्न पहल गर्ने लगायतका विषयहरुमा सहमति भएको थियो।